३ परमेश्वरले बोलाउनुहुन्छ

यस अध्यायका मूल पदहरूः **एज्रा ७:१०, नेहमिया १:१-११, दानिएल ९:२४-२७, दानिएल ८, रोमी ८:२८,२९, रोमी ९ र प्रस्थान ३,४।**

यस अध्यायको मूल सार पदः **"परमप्रभु हाम्रा पुर्खाहरूका परमेश्वरको प्रशंसा होस्, जसले यसरी यरूशलेममा भएको परमेश्वरको भवनको महिमा वा सौन्दर्यता बढ़ाउन राजाको मनमा यो विचार हालिदिनुभयो।"**

के परमेश्वरले प्रत्येक व्यक्तिलाई विशेष कामको निम्ति आह्वान गर्नुहुन्छ वा बोलाउनुहुन्छ? के कुनै तोकिएको काम गर्न कोही मानिस बढी योग्य हुनसक्छ? कुनै मानिस कुनै कामको निम्ति कति योग्य छ त्यसको आधार मानिसको आँखाले भन्दा परमेश्वरले हेर्ने दृष्टिकोण फरक छ? प्रायजसो हामी सबैले ती प्रश्नहरूको जवाफमा "छ" भन्छौं होला। विशेष गरेर पछिल्ला दुई प्रश्नका उत्तरहरूमा सबैको सकारात्मक जवाफ हुनसक्छ। विभिन्न शैक्षिक योग्यता वा अनुभवहरूद्वारा आफ्नो काम सम्पन्न गराउन कहिलेकाहीं मानिसहरूलाई तयार पार्नुहुन्छ र प्रयोग गर्नुहुन्छ तर कहिलेकाहीं हामी नम्र भएकोले उहाँ र मानिसहरूको सेवा गर्न उहाँले हामीलाई बोलाउनुहुन्छ। हाम्रो जीवनमा परमेश्वरले के गर्न आह्वान गर्नुभएको छ वा बोलाउनुभएको छ वा खटाउनुभएको छ सो थाहा पाउन हामीलाई सधैं सजिलो हुँदैन, हुन्छ त? तैपनि बाइबलमा प्रसस्त त्यस्ता कथाका पात्रहरू छन् जसलाई परमेश्वरले बिशेष कामको निम्ति खटाउनुभएको थियो।

जीर्ण अवस्थामा रहेको यरुशलेम सहर र मन्दिरको पुननिर्माण गर्न एज्रा र नेहमियालाई बिशेष गरेर खटाउनुभएको थियो भन्ने कुरा हाम्रो निम्ति निकै नै चासोको विषय हुन जान्छ। ती स्थानहरू पुननिर्माण गर्न त्यति सजिलो

थिएन किनभने ती दायित्वहरू पूरा गर्न विभिन्न कामहरू तिनीहरूले गर्नुपर्दथ्यो। ती पुननिर्माणका कामहरू सम्पन्न गर्न तिनीहरूलाई मानिसहरूको आवश्यकता पर्दथ्यो त्यसैले तिनीहरूले यहूदीहरूलाई इस्राएलमा फर्काएर लान नेतृत्व गर्नुपरेको थियो। फेरि त्यहीं समयमा तिनीहरूले परमेश्वरको वारेमा पनि मानिसहरूलाई सिकाउनुपर्दथ्यो। तर तिनीहरूको मुख्य लक्ष्य भनेकै मानिसहरू र परमेश्वरबीचको सम्बन्धलाई बलियो बनाउनु थियो। त्यो लक्ष्य पूरा गर्नु नै परमेश्वरले तिनीहरूलाई बोलाउनुभएको थियो र उक्त लक्ष्य अत्यन्तै महत्त्वपूर्ण पनि थियो।

१. एज्रा र नेहमियालाई परमेश्वरले खटाउनुहुन्छ

एज्रा विभिन्न कारणहरूले गर्दा चुनिएका थिए भनेर हामी भन्न सक्छौंः (१) परमेश्वरले बोलाउनुभएको कारणले उहाँको चाहना पूरा गर्न उनी इच्छुक थिए (२) स्वभावमा उनमा अगुवा हुने योग्यता थियो (३) उनी निपूर्ण लेखक र शिक्षक पनि थिए। उनको बारेमा अरू थप कुराहरू पनि हामी पाउन सक्छौं। तर यहाँ एउटा पद छ जसले यो देखाउँछ कि एज्रालाई विशेष काम गर्न किन खटाइएको थियो।

एज्राको बारेमा एज्रा ७:१०ले के भन्दछ? "परमेश्वरको व्यवस्थालाई" जान्न उनी कसरी तयार भएका थिए र हृदयदेखि नै त्यसको बारेमा अध्ययन गर्न उनले आफूलाई के सम्म गरेका थिए? हेर्नुहोस्ः "किनकि एज्राले परमप्रभुको व्यवस्था अध्ययन गर्न र पालन गर्न, र इस्राएलमा धर्म-विधि र धार्मिक शिक्षा सिकाउन आफैलाई समर्पण गरेका थिए।"

"तयार पार्नु वा समर्पण गर्नु" भन्ने हिब्रू भाषाको *कुन* **(kun)भन्ने शब्द प्रयोग भएको देखिन्छ।** यसलाई विभिन्न अर्थमा अनुवाद गरिएको देख्न सकिन्छ जस्तै "प्रशिक्षित हुनु वा तालिम पाउनु, काममा तत्पर हुनु, आफ्नो लक्ष्यमा अडिग हुनु, स्पष्ट अडान लिनु, दायाँबायाँ नलाग्नु वा आफ्नो जिम्मेवारीप्रति सजग रहनु" आदि। त्यसकारण उक्त शब्दको सही अर्थलाई यसरी लिन सकिन्छः परमेश्वरको काममा एज्राले आफ्नो हृदय कटिवद्धताका साथ **परमेश्वर** तर्फ लागाएका थिए वा परमेश्वरको बारेमा जान्न आफ्नो हृदयलाई स्थिर राखेका थिए।

यरुशेलममा आइपुगेपछि परमेश्वरप्रति समर्पित हुनुको मतलव के थियो भन्ने कुरा उनले आफ्नै अनुकरणीय उदाहरूणले देखाएका थिए।

यरुशलेममा १३ वर्षसम्म परमेश्वरको वचन उनले सिकाएका थिए। झट्ट हेर्दा १३ वर्षसम्म उनले निरन्तर र अथक रुपमा सिकाए पनि मानिसहरूमा खासै प्रभाव पार्न नसकेको जस्तो देखिन्थ्यो। तर जब यरुशलेमका पर्खालहरूको पुननिर्माण कार्य भैरहेको थियो तब त्यहाँ मानिसहरूले एउटा सभा गरे। उक्त सभामा तिनीहरूलाई कसैले कर गरेर जम्मा हुन आह्वान गरिएको थिएन। तर तिनीहरू आफ्नै स्वइच्छाले सो सभामा जम्मा हुन चाहेका थिए। जहाँ एज्राको मुखबाट तिनीहरूले सुनेका परमेश्वरको वचन तिनीहरूको हृदयमा गडेको थियो।

नेहमियालाई परमेश्वरले किन खटाउनुभएको थियो? हेर्नुहोस्: नेहमिया १:१-११ "१ हकल्याहका छोरा नहेम्याहको विवरणः बीसौं वर्षको किसलेव महिनामा जब म राजधानी शूशनमा थिएँ, २ तब मेरा दाजुहरूमध्येका एक जना हनानी अरू कोही मानिससँग यहूदाबाट आइपुगे। मैले यरूशलेमको र कैदबाट अरू बाँचेका यहूदीहरूको विषयमा तिनीहरूसित सोधपूछ गरें। ३ तिनीहरूले मलाई भने, "निर्वासनबाट बाँचेर प्रदेशमा आएकाहरूले साह्रै दुःख र निन्दा सहनुपरिरहेको छ। यरूशलेमको पर्खाल भत्काइएको छ र त्यसका मूल ढोकाहरू आगोले नष्ट पारिएका छन्।" ४ यो समाचार सुनेपछि बसेर म रोएँ। म केही दिनसम्म विलाप गर्दैरहें, र उपवास बसें अनि स्वर्गका परमेश्वरसित प्रार्थना गरें। ५ तब मैले भनेंः "हे परमप्रभु, स्वर्गका परमेश्वर, महान् र भययोग्य परमेश्वर, तपाईंलाई प्रेम गर्नेहरू र तपाईंका आज्ञा पालन गर्नेहरूसँग तपाईंले आफ्नो करार विश्वाससित राख्नुहुन्छ। ६ इस्राएलका मानिसहरू, तपाईंका दासहरूका पक्षमा रातदिन तपाईंलाई गरेको मेरो विनम्र प्रार्थना सुन्न तपाईंले आफ्नो कान थाप्नुहोस् र आँखा खोल्नुहोस्। तपाईंको विरुद्धमा हामी सबै इस्राएलीहरूले गरेका पाप म स्वीकार गर्दछु। म र मेरा पिताको घराना पनि त्यसमा दोषी छौं। ७ तपाईंले आफ्ना दास मोशालाई दिनुभएका आज्ञा, धर्म-विधि र नियमहरूलाई पालन नगरेर हामीले तपाईंको विरुद्धमा घोर अपराध गरेका छौं। ८ "आफ्ना दास मोशालाई यसो भनेर आज्ञा गर्नुभएको वचन सम्झनुहोस्, ९ 'यदि तिमीहरू अविश्वासी भयौ भने म तिमीहरूलाई जाति-जातिहरूका बीचमा तितरबितर पार्नेछु, तर तिमीहरू मतिर फर्क्यौं र मेरा आज्ञाहरू पालन गऱ्यौ भने पृथ्वीको पल्लो छेउसम्म पनि कैदमा रहेका तिमीहरूका निर्वासित मानिसहरूलाई म भेला गर्नेछु, र मेरो नाउँको वासस्थान हुन मैले छानेको ठाउँमा म तिनीहरूलाई फर्काएर ल्याउनेछु'। १० "तपाईंले आफ्नो महाबल र शक्तिशाली

हातद्वारा उद्धार गर्नुभएका तिनीहरू तपाईंका दासहरू र तपाईंका प्रजा हुन्। ११ हे परमप्रभु, तपाईंको दासको विनम्र प्रार्थनामा ध्यानसित कान थाप्नुहोस्, र तपाईंका नाउँको सम्मान गर्न प्रसन्न हुने तपाईंका दासहरूको प्रार्थना सुन्नुहोस्। आज यस मानिसको उपस्थितिमा आफ्नो सेवकमाथि कृपा देखाई उसलाई सफलता दिनुहोस्।"

परमेश्वर र आफ्ना जनहरूसँग नेहमियाको हृदय गासिएको थियो। जब यरुशलेमको काम रोकियो भन्ने समाचार उनले सुने तब उनी अत्यन्तै दुःखी भएका थिए। परमेश्वरको महिमा गर्ने काममा नेहमियाभित्र जोश र तीब्र चाहना थियो। एज्राले जस्तै उनले पनि उक्त कामको निम्ति आफू स्वयंसेवक हुन आफैलाई सुम्पिएका थिए। तिनीहरूको प्रार्थना र चाहनालाई परमेश्वरले सुन्नुभयो। कहिलेकाहीँ हामी यसो भन्दछौं कि कुनै थोकलाई हामी माया गर्छौं जुन परमेश्वरबाट होइन होला। हामीलाई मन नपर्ने र कठिन काममात्र परमेश्वर हामीलाई दिनुहुन्छ भनेर हामी कहिलेकाहीँ सोच्दछौं पनि। तर यदि हामी परमेश्वरसँगसँगै हिँडिरह्यौं भने हामीले मनपराउने काममा नै प्रायजसो परमेश्वरले खटाउनु हुन्छ। परमेश्वरको निम्ति हामी जे गर्दछौं त्यसमा हामीले हृदय खोलेर जोशिलो भएर काम गरोस् भन्ने परमेश्वर चाहनुहुन्छ।

तपाईंले नै मन पराउनु भएको काम गर्न परमेश्वरले तपाईंलाई खटाउनुभएको छ भन्ने वास्तविकतालाई के तपाईंको जीवनमा अनुभव गर्नुभएको छ?

२. भविष्यवाणी पूरा हुने मिति

परमेश्वरले कसरी यरुबाबेल (ई.पू. ५३८) र एज्रा (ई.पू. ४५७) लाई विशेष सेवाकार्यको निम्ति बोलाउनुभएको थियो भनेर यस अध्ययनको प्रथम पाठमा हामीले अध्ययन गऱ्यौं। नेहमियालाई परमेश्वरले कसरी खटाउनुभएको (ई.पू. ४४४) थियो भनेर हामीले दोस्रो पाठमा हेऱ्यौं। परमेश्वरको पूर्व ज्ञान भए अनुसार ती अगमवक्ताहरूलाई खटाउनुभएको थियो र उहाँकै योजनामा तिनीहरूले काम गरेका थिए भन्ने कुरा हामीले महसुस गर्नुपर्छ। उदाहरणमा, यर्मियाले भविष्यवाणी गरे अनुसार ७० वर्षसम्म इस्राएलीहरूले युद्धबन्दी भएर जीवन बिताएपछि परमेश्वरले यरुबाबेललाई बिशेष कामको निम्ति बोलाउनुभएको थियो।

कुन वर्षमा परमेश्वरले एज्रालाई सेवाकार्य गर्न बोलाउनुभएको थियो? त्यो त्यही वर्ष थियो जुन भविष्यवाणी अनुसार राजा आर्तासास्त्रले आदेश जारी गरेका थिए। भविष्यवाणीमा त्यो वर्षलाई किन महत्त्वपूर्ण मानिन्छ? हेर्नुहोस्, दानिएल ९:२०-२७ "२० जसै म बोल्दै र प्रार्थना गर्दै, मेरो आफ्नै पाप र मेरा इस्राएली जातिको पाप स्वीकार गर्दै र उहाँको पवित्र डाँड़ाको लागि परमप्रभु मेरा परमेश्वरसँग बिन्ती गर्दैथिएँ– २१ जसै म प्रार्थनामा नै थिएँ, पहिलेको दर्शनमा मैले देखेका मानिस, गब्रिएल, साँझका बलिदानको समयमा वेगसँग उड़ेर मकहाँ आए। २२ उनले मलाई आदेश दिए र भने, "हे दानिएल, अहिले म तिमीलाई अन्तर्ज्ञान र समझ दिन आएको छु। २३ तिमीले प्रार्थना गर्न थाल्ने बित्तिकै प्रार्थनाको उत्तर दिइयो, जुनचाहिँ तिमीलाई बताउन म आएको छु, किनकि तिमी अति सम्मानित छौ। त्यसकारण सन्देशलाई विचार गर र दर्शन बुझ। २४ "तिम्रो जाति र तिम्रो पवित्र सहरको निम्ति अपराध खतम पार्न, पाप समाप्त गर्न, दुष्टताको लागि प्रायश्चित गर्न, अनन्त धार्मिकता ल्याउन, दर्शन र अगमवाणीलाई मोहोर लगाएर बन्द गर्न र महापवित्रस्थानलाई अभिषेक गर्न सत्तरी 'सातहरू' को आदेश तोकिएको छ। २५ "यो जान र बुझ, यरूशलेमको पुनर्स्थापन र पुनर्निर्माण गर्न यो आदेश जारी गरेको समयदेखि अभिषिक्त जन, अर्थात् एक शासक नआउञ्जेलसम्म सात 'सातहरू' र बयसट्ठी 'सातहरू' हुनेछन्। गल्ली र सुरुङहरूसहित यसको पुनर्निर्माण हुनेछ, तर दुःखको समयमा। २६ बयसट्ठी 'सातहरू' पछि ती अभिषिक्त जन हटाइनेछन् र तिनीसँग केही पनि रहनेछैन। शासकका मानिसहरू आएर त्यस सहर र पवित्रस्थानलाई विनाश गर्नेछन्। अन्त बाढ़ीझैं आउनेछः लड़ाइँ अन्तसम्म रहनेछ, र उजाड़ अवस्थाहरूको आदेश जारी भएको छ। २७ धेरै जनासित एक 'सात' को लागि तिनले एउटा करारको सदर गर्नेछन्। 'सात'-को बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन्। अनि मन्दिरको एक भागमा तिनले विनाशकारी घृणित थोक खड़ा गर्नेछन्, जबसम्म तिनीमाथि आदेश गरिएको अन्त खन्याइनेछैन।"

दानिएल ९:२५मा यो लेखिएको छ "२५ "यो जान र बुझ, यरूशलेमको पुनर्स्थापन र पुनर्निर्माण गर्न यो आदेश जारी गरिएको समयदेखि अभिषिक्त जन, अर्थात् एक शासक (वा राजकुमार मसीह) नआउञ्जेलसम्म सात 'सातहरू' र बैसट्ठी 'सातहरू' हुनेछन्।" उक्त *भविष्यवाणीले उल्लेख गरेको अन्तिम हप्ता पद २७मा उल्लेख गरिएको छ। भविष्यवाणीको* मामिलामा एक हप्तामा सात दिनहरू हुन्छन् र एक दिनको अर्थ एक वर्ष हुन्छ भनिएको छ

(गन्ती १४:३४, इजिएल ४:५,६)। त्यसको अर्थ सात दिनको अर्थ सात वर्ष हुन्छ। त्यसकारण यस भविष्यवाणीमा ७० हप्ता उल्लेख गरिएको छ त्यसको अर्थ ४९०वर्षहरू हुन्छन्। अब प्रश्नचाहीँ यो हुन्छ कि, ७० हप्ता वा ४९० वर्षको भविष्यवाणीको सुरुवात कहिले हुन्छ? स्पष्टरूपमा २५ पदले नै यरुशलेमको पुनर्स्थापना र पुननिर्माण गर्ने आदेश दिएको समयमा भनेर तोकिदिएको छ।

यहूदीहरूको पुनर्स्थापना गर्ने आदेश जम्मा तिन पटक दिइएको थियो। साइरस, दारियस र आर्तसास्त राजाहरूले यरुशलेम पुनर्स्थापनाको निम्ति आदेश दिएका थिए। यद्यपि ती तिन आदेशहरूमा आर्तसास्तको मात्रै आदेश थियो जसमा यरुशलेम सहरको पुननिर्माणको बारेमा विशेष चासो देखाइएको थियो र त्यहीँ आदेशमामात्र परमेश्वरको हस्तक्षेपको प्रशंसा गरिएको थियो (एज्रा ७:२७,२८ "२७ परमप्रभु हाम्रा पुर्खाहरूका परमेश्वरको प्रशंसा होस्, जसले यसरी यरूशलेममा भएको परमेश्वरका भवनको महिमा बढ़ाउन राजाको मनमा यो विचार हालिदिनुभयो, २८ अनि राजा, उनका सल्लाहकारहरू र उनका सबै उच्च पदाधिकारीहरूका सामुन्ने मप्रति आफ्नो कृपा-दृष्टि प्रकट गर्नुभयो। यसैले परमप्रभु मेरा परमेश्वरको हात ममाथि रहेको छ भनी जानेर मैले साहस गरें, र मसँग जान इस्राएलका मुख्य-मुख्य मानिसहरूलाई मैले भेला गरें")।

७० हप्ता वा ४९० वर्षको भविष्यवाणी सुरु भएको वर्ष ई.पू. ४५७देखि हामी गन्दछौँ। यो एज्रा ७:७-२७मा उल्लेख गरिए अनुसार राजा आर्तसास्त प्रथमको सातौँ वर्ष थियो। अझ जोड्नुपर्दा ई.पू. ४५७ दानिएल ८:१४मा उल्लेख गरिएको भविष्यवाणी २,३०० दिनको सुरू पनि थियो (यो अर्को पाठमा हामी हेर्नेछौँ)। राजा आर्तसास्तले ई.पू. ४५७मा दिएको आदेश दुवै भविष्यवाणीको सुरू हुने मिति थियो। ७० हप्ता वा ४९० वर्षको भविष्यवाणीको अन्त्य सन् ३४मा हुन्छ। त्यसै बेला सुसमाचार प्रचारको बिस्तार भएको थियो र अयहूदीहरूको बीचमा सुसमाचार प्रचार भएको थियो (सुरूको चर्चको सतावट र येशूभक्त स्टिफनसको हत्या पछि अयहूदी वा अन्य जातिहरूको बीचमा सुसमाचार पुऱ्याइएको थियो)। अन्तिम हप्ताको मध्य हप्ता भनेको सन् ३१ हुन आउँछ जुन समयमा येशू क्रुसमा टाँगिनुभएको थियो।

माथि उल्लेख गरिएको दानिएल ९:२४-२७ फेरि सरसर्ती हेर्नुहोस्। येशूको सेवाकार्यको बारेमा गरिएको भविष्यवाणी कसरी ठिकठिकसँग मिलेको

छ? यस किसिमको भविष्यवाणीले हाम्रो विश्वास स्थापना गर्न कसरी सहयोग गर्छ?

३. ७० हप्ताहरू र २,३०० दिनहरू

दानिएल ९:२४मा उल्लेख गरिएको "सत्तरी हप्ताहरू तोकिएकै छ भन्नुको अर्थ "सत्तरी हप्ता खतम हुनेछ" भन्नु हो। यो आदेश तोकिएको भन्ने शब्द अङ्ग्रेजीमा निर्धारण वा डिटरमिनड (determined) भन्ने हो। यो शब्द बाइबलमा कहिँ पनि उल्लेख गरिएको छैन। तर यहूदी साहित्यमा यो शब्द भेटिन्छ। जसको अर्थ कुनै लामो वस्तुवाट काटिएको भन्ने हुन्छ। २३०० वर्षको भविष्यवाणी दानिएल ८ले प्रस्तुत गर्दछ। तर उक्त भविष्यवाणी कहाँबाट सुरू हुन्छ भनेर दानिएल ८मा उल्लेख गरिएको छैन। दानिएल ९ अध्यायमा ४९० वर्षको बारेमा चर्चा गर्दा "तोकिएको" वा "निर्धारण गरिएको" वा "काटिएको" भनेर उल्लेख गरिएको देखिन्छ। त्यो निर्धारण वा तोकिएको वा काटिएको कुनबाट हो भन्ने विषय अघिल्लो अध्यायमा उल्लेख गरिएको २,३०० भविष्यवाणीबाट मात्र हो भन्नु नै तर्कसम्मत देखिन्छ। कुन समयबाट काटिएको वा तोकिएको वा निर्धारण गरिएको हो भन्नु त अर्को लामो भविष्यवाणी बाहेक अरू के हुनसक्छ र?

दानिएल ८ पढ्नुहोस्। त्यसमा एक भाग छ जुन तत्काल दानिएललाई अर्थ बुझाइएको थिएन (विशेष गरेर दानिएल ८:१४,२६,२७)। हेर्नुहोस् "१ अघिल्लो दर्शन मलाई देखा परेपछि, राजा बेलसजरको राज्यकालको तेस्रो वर्षमा म, दानिएलले एउटा अर्को दर्शन देखें। २ मेरो दर्शनमा मैले आफैलाई एलाम प्रदेशको शूशनको किल्लामा देखें; दर्शनमा म ऊलै नहरको छेउमा थिएँ। ३ मैले हेरें, र मेरो सामु नहरको छेउमा उभिरहेको दुई सिङ भएको एउटा भेड़ा थियो, र ती सिङहरू लामा थिए। तीमध्ये एउटा अर्कोभन्दा लामो थियो, तर त्यो पछि उम्रेको थियो। ४ त्यो भेंडाले पश्चिम र उत्तर र दक्षिणतिर हानिरहेको मैले हेरें। त्यसको विरुद्धमा कोही पनि खड़ा हुन सकेन र कसैले पनि त्यसको शक्तिबाट छुटाउन सकेन। त्यसले जे इच्छा लाग्यो, त्यही गऱ्यो र महान् बऱ्यो। ५ जसै मैले यसबारे विचार गर्दैथिएँ, अचानक आँखाहरूका बीचमा एउटा विशेष सिङ भएको एउटा बोका जमीनलाई नछोईकन पूरा पृथ्वीलाई पार गर्दै पश्चिमबाट आयो। ६ मैले देखेको नहरको छेउमा खड़ा भएको दुई सिङे भेंडातिर त्यो आयो र ठूलो झोंकले त्यसलाई हान्यो। ७ रिसले चूर भई त्यसले

भेंडालाई आक्रमण गरी हानेर त्यसका दुई वटै सिङ भाँचिदिएको मैले देखें। त्यसको विरुद्ध खड़ा हुन त्यो भेंडा शक्तिहीन थियो। त्यस बोकाले त्यसलाई जमीनमा पछारिदियो र त्यसमाथि टेक्यो, र त्यसको शक्तिबाट भेंडालाई छुटाउन कसैले पनि सकेन। ८ त्यो बोका अति ठूलो भयो, तर त्यसका शक्तिको चरम सीमामा त्यसको विशाल सिङ भाँचियो र त्यसको सट्टामा आकाशका चारै बतासतर्फ विशेष सिङहरू उम्रे। ९ तिनीहरूमध्येबाट अर्को एउटा सिङ आयो, जो सानोबाट सुरु भयो तर दक्षिणतिर र पूर्वतिर र सुन्दर भूमितिर शक्तिशाली हुँदै बढ्दैगयो। १० स्वर्गका सेनाहरूसम्म नपुगुञ्जेल त्यो बढ्दैगयो, र त्यसले केही ताराका दललाई तल पृथ्वीमा खसाल्यो र तीमाथि खुट्टाले कुल्च्यो। ११ त्यसले आफैलाई राजकुमार जत्तिकै महान् तुल्यायो। त्यसले उहाँबाट दैनिक बलिदान खोस्यो, र उहाँको पवित्रस्थान तल झारियो। १२ विद्रोहको कारणले पवित्र जनहरूका सेना र दैनिक बलिदान त्यसलाई सुम्पियो। त्यसले गरेका सबै काममा त्यो सफल भयो, र सत्यलाई भूइँमा फ्याँकियो। १३ त्यसपछि मैले एउटा पवित्र जनले बोलेको सुनें, र अर्का पवित्र जनले उनलाई भने, "यो दर्शन पूरा हुन कति समय लाग्ला– अर्थात्, दैनिक बलिदान, उजाड़ पार्ने विद्रोह, र पवित्रस्थान र सेनालाई खुट्टाले कुल्चिनेसम्बन्धी दर्शन पूरा हुन कति समय लाग्ला?" १४ उनले मलाई भने, "दुई हजार तीन सय साँझ र बिहान लाग्नेछ, तब पवित्रस्थानको पूनःअर्पण हुनेछ।" १५ जसै म, दानिएल, दर्शन हेर्दैथिएँ र त्यो बुझ्न कोशिश गर्दैथिएँ, मानिसको रूपमा एक जना मेरो सामु उभिए। १६ अनि मैले ऊलैबाट यसो भनेर बोलाएको मानिसको स्वर सुनें, "हे गब्रिएल, यस मानिसलाई दर्शनको अर्थ बताइदेऊ।" १७ जसै तिनी म उभिएको ठाउँ नजिक आए, म डरले भयभीत भएर लम्पसार परें। तिनले मलाई भने, "हे मानिसको पुत्र, यो बुझ कि दर्शनले अन्तको समयलाई सङ्केतगर्दछ।" १८ तिनले मसँग बोल्दैगर्दा, मेरो अनुहार भूइँमा थियो र म मस्त निद्रामा थिएँ। तब तिनले मलाई छोएर मेरो खुट्टामा उभ्याए। १९ तिनले भने, "क्रोधको समयमा पछि के हुनेछ, म तिमीलाई बताउन लागिरहेछु, किनभने दर्शनले तोकिएको अन्तको समयलाई बताउँदछ। २० तिमीले देखेको त्यस दुई सिङे भेड़ाले मादी र फारसका राजाहरूलाई जनाउँछ। २१ त्यो रौंले ढाकेको बोकाचाहिँ ग्रीसको राजा हो, र त्यसका आँखाका बीचमा भएको ठूलो सिङ त्यसको प्रथम राजा हो। २२ त्यस भाँचिएको सीङको सट्टामा उम्रेका चार सिङहरूचाहिँ त्यसैबाट निस्केका चार राज्यहरू हुन्, तर पहिलो राज्यजस्तो ती बलिया हुनेछैनन्। २३ तिनीहरूका

राज्यकालका पछिल्ला दिनहरूमा जब विद्रोहीहरूको दुष्टता चरम सीमामा पुगेको हुनेछ, तब एउटा हठी, षड्यन्त्रमा पोख्त राजा उठ्नेछ। २४ त्यो धेरै बलवान् हुनेछ, तर त्यसको आफ्नो शक्तिले होइन। त्यसले अचम्मको विध्वंस ल्याउनेछ, र जे गर्छ त्यसमा सफल हुनेछ। त्यसले शक्तिशाली मानिसहरू र पवित्र जनहरूलाई नाश गर्नेछ। २५ त्यसले छललाई सफल पार्नेछ र आफैलाई उच्च ठान्नेछ। जब तिनीहरूले सुरक्षाको महसूस गर्छन्, त्यसले धेरैलाई नष्ट गर्नेछ र राजकुमारहरूका राजकुमारको विरुद्धमा त्यो खड़ा हुनेछ। तापनि त्यो नष्ट हुनेछ, तर कुनै मानिसको शक्तिद्वारा होइन। २६ "तिमीलाई दिइएको साँझहरू र बिहानहरूसम्बन्धी दर्शन सत्य छ, तर त्यो दर्शनलाई मोहोरलगाई बन्द गर, किनभने यो धेरै पछिको भविष्यसँग सम्बन्धित छ।" २७ म, दानिएल, अति थकित भएँ र केही दिनसम्म बिरामी भई पस्रिएँ। तब म उठेर राजाको कामधन्धामा लागें। दर्शनको कारण म व्याकुल भएँ, यो समझदेखि बाहिरको कुरा थियो।"

दानिएल ९:२४-२७मा उल्लेख गरिएको ७० हप्ताको भविष्यवाणी र दानिएल ८:१४मा उल्लेख गरिएको २३०० साँझ र बिहानसँगसँगै जान्छ भन्ने बुझिन्छ भन्नुमा धेरै कारणहरू छन्: (१) दुवै भविष्यवाणीहरू हुन् (२) "दर्शन" र "बुझाइ" भनेर उल्लेख गरिएको शब्दहरूले तिनीहरूको बीचमा सम्बन्ध भएको देखाउँछ (दानिएल ८:२४,२७ र ९:२३), (३) दुवै भविष्यवाणीका अर्थहरू गाब्रिएल स्वर्गदूतले नै दिएका थिए (दानिएल ८:१६ र दानिएल ९:२१), (४) दर्शनको केवल एक भागमात्र अर्थ नखोलिएकोचाहिँ २३०० साँझ र बिहान (कहिलेकाहीँ यसलाई दिनहरू भनेर अनुवाद गरिन्छ) जुन दानिएल ८:१४ हो, (५) दानिएल ८मा दर्शनको बारेमा उल्लेख गरिएको छ र त्यसको अर्थ आंशिकरूपमामात्रै छ भने दानिएल ९मा अर्थ लगाएको भविष्यवाणी दानिएल ८मा अर्थ नखोलिएकोमात्रै छ। दानिएल ८:१४मा उल्लेख गरिएको २३०० दिनको एक भागमात्र भविष्यवाणी हो जुन दानिएलले बुझेका थिएनन् (यसबारे दानिएलले यसरी स्पष्ट पार्दछन् "म, दानिएल, अति थकित भएँ र केही दिनसम्म बिरामी भई पस्रिएँ। तब म उठेर राजाको कामधन्धामा लागें। दर्शनको कारण म व्याकुल भएँ, यो समझदेखि बाहिरको कुरा थियो" दानिएल ८:२७)।

जुन सन्देश एज्राले दिएका थिए त्यो सन्देशले दानिएलको भविष्यवाणीमा चुकेर वा लुकेर बसेको थियो। एज्रामा उल्लेख गरिएको

आदेशको मितिदेखि गन्दा त्यो ऐतिहासिक मितिमा पुगिन्छ जुन कुराले हाम्रो निम्ति येशूको सेवा र कामको निर्णायक पक्षहरूलाई औंल्याउँदछ।



४. परमेश्वरले चुन्नुहुन्छ

केही काम गर्न परमेश्वरले हामीलाई खटाउनुहुन्छ वा चुन्नुहुन्छ भन्ने कुरा गर्दा धेरै बिचारबिमर्सहरू हुन्छन्। परमेश्वरले चुन्नु भनेको के हो भनेर तर्क गर्दा विभिन्न मानिसहरूमा विभिन्न तर्कहरू हुन सक्छन्। तर बाइबलले नै परमेश्वरबाट खटाउनु वा उहाँले चुन्नु भनेको के हो भन्ने विषयमा के भन्दछ सो जान्नु जरुरी छ।

परमेश्वरले हामीलाई के गर्न बोलाउनुहुन्छ? केको निम्ति उहाँले हामीलाई चुन्नुहुन्छ वा नियुक्ति गर्नुहुन्छ? हेर्नुहोस्, रोमी ८:२८-३० "२८ हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ। २९ जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरूलाई आफ्ना पुत्रको रूपसमान बनाउनलाई, धेरै भाइहरूमध्ये उहाँचाहिँ ज्येष्ठ होऊन् भनेर, अघिबाटै नियुक्त गर्नुभयो। ३० जस-जसलाई उहाँले अघिबाटै नियुक्त गर्नुभयो, तिनीहरूलाई उहाँले बोलाउनु पनि भयो, र जस-जसलाई उहाँले बोलाउनुभयो, तिनीहरूलाई उहाँले धर्मी पनि ठहराउनुभयो, र जस-जसलाई धर्मी ठहराउनुभयो तिनीहरूलाई उहाँले महिमित पनि पार्नुभयो।"

उपर्युक्त पदहरूको अर्थ बुझ्न धेरै सोच विचार गर्न जरुरी छ। प्रत्येक मानव प्राणी परमेश्वरको पुत्रको स्वरुप बन्न उहाँले चुन्नु भएको छ वा पूर्ववत् रूपमा निर्धारण गर्नुभएको छ। कुन मानिसले मुक्ति पाउँछ वा पाउँदैन भनेर हाम्रो निधारमा परमेश्वरले लेख्नुहुन्छ भन्ने होइन। यदि हामी भाग्यको खेलमा विश्वास गर्छौं भने हामीमा आत्मनिर्णय वा स्वविवेकको स्वतन्त्रता नै रहदैन। (पुर्पुरोमा जे लेखिएको छ त्यहीँ हुन्छ वा हामी भाग्यको खेलमा छौं भन्ने सिद्धान्त बाइबलभन्दा बाहिरी धर्मदर्शन वा संस्कारको कुरा हो।-अनुवादकको प्रतिक्रिया)। स्पष्ट भाषामा भन्नुपर्दा, जब हामी जन्मिन्छौं तब हामी परमेश्वरको स्वरुपमा बनिने उद्देश्य लिएर जन्मिएका हुन्छौं भनेर बाइबलले बताउँछ अर्थात् हामीलाई आदर्शको जीवनमा परिणत भएर जिउन उहाँले चुन्नुभएको हो। हामीले सबै स्वभावमा परमेश्वरको पुत्रको चरित्र प्रतिबिम्बित गरेर परिवर्तित जीवन बिताइरहौं भन्ने परमेश्वरको चाहना हो। यदि हामी परमेश्वरको चाहना अनुसार परिवर्तित जीवन बिताउन हामी स्वयंले निर्णय गऱ्यौं भने त्यो जीवन दिने बाचा रोमी ८को ३०पदमा दिइएको छ। यस पद अनुसार जसलाई परमेश्वरले बोलाउनुहुन्छ उसलाई उहाँले धर्मी वा निर्दोष ठहराउनुहुन्छ र उसलाई पवित्र वा महिमित वा उच्च सम्मान गर्नुहुन्छ। यसको अर्थ हामीले हाम्रै अथक प्रयास वा धर्मकर्मले हामी परिवर्तन हुने होइन वा हाम्रो कायापलट हुने होइन बरू उहाँको शक्तिले हामीलाई उहाँको स्वरुपमा परिवर्तन गर्नुहुन्छ भनेर उहाँले प्रतिज्ञा गर्नुभएको छ।

परमेश्वरले हामीलाई के गर्न बोलाउनुभएको हो वा चुन्नु भएको हो भनेर रोमी ९ अध्यायमा उल्लेख गरिएको छ। जस अनुसार चल्ने वा नचल्ने उहाँको रोजाइ होइन तर हाम्रो हो भनेर हामीले स्वीकार गर्नु तर्कयुक्त हुन्छ। हेर्नुहोस्: "१ म खीष्टमा साँचो बोलिरहेछु, मैले ढाँटेको छैनँ। मेरो विवेकले पवित्र आत्मामा मलाई गवाही दिन्छ। २ मेरो हृदयमा असाध्य शोक र मनमा अटूट वेदना छ। ३ म त यहाँसम्म पनि चाहन सक्थें कि मेरा भाइहरू र मेरा जातिको नाताले मेरा कुटुम्बहरूका खातिर म नै श्रापित होऊँ, र खीष्टबाट परित्यक्त वा परित्याग होऊँ! ४ <u>तिनीहरू इस्राएलीहरू हुन्, अनि पुत्र हुने अधिकार, महिमाको दर्शन, करार, व्यवस्थाको प्रदान, मन्दिरको आराधना र प्रतिज्ञाहरू तिनीहरूका आफ्नै हुन्</u>। ५ पूर्वजहरू यिनीहरूका नै हुन्, र खीष्ट पनि शरीरअनुसार तिनीहरूकै वंशका हुनुहुन्छ, सर्वोच्च परमेश्वर, जसको युगानयुग स्तुति होस्। आमेन। ६ तर परमेश्वरको वचन विफल भएको होइन। किनकि

इस्राएलबाट जन्मेका सबै इस्राएल होइनन्, ७ न त अब्राहामका सन्तान हुँदैमा सबै तिनका छोरा-छोरी हुन्। तर धर्मशास्त्रमा भनेअनुसार, "इसहाकबाट नै तिनीहरूको सन्तान गनिनेछ।" ८ यसको अर्थ, शरीरबाट जन्मेकाहरू परमेश्वरका सन्तान होइनन्, तर करारबाट उत्पन्न भएकाहरू नै अब्राहामका सन्तान हुन्। ९ त्यस प्रतिज्ञाले यसो भन्दछ, "तोकिएको समयमा म फर्केर आउनेछु, र साराको एउटा छोरो हुनेछ।" १० त्यसो मात्र होइन, जब रिबेकाले एउटै पुरुष हाम्रा पुर्खा इसहाकबाट गर्भधारण गरिन्, ११ र जुम्ल्याहा बालकहरू जन्मनु अघिबाटै, तिनीहरूले कुनै असल वा खराब गर्न अघि नै, कर्मले होइन तर उहाँको बोलावटअनुसार परमेश्वरका चुनाउको उद्देश्य ठहरिओस् भनेर १२ रिबेकालाई यसै भनिएको थियो, "जेठोले कान्छाको सेवा गर्नेछ।" १३ जसो लेखिएको छ, "याकूबलाई मैले प्रेम गरें, तर एसावलाई तुच्छ ठानें।" १४ अब हामी के भनौं? के परमेश्वरमा अन्याय छ त? कदापि होइन! १५ उहाँ मोशालाई भन्नुहुन्छ, "जसमाथि म कृपा गर्न चाहन्छु, त्यसलाई म कृपा गर्नेछु, र जसलाई म टिठ्याउन चाहन्छु, त्यसलाई म टिठाउनेछु।" १६ यसकारण मानिसको इच्छा वा प्रयासमाथि यो निर्भर गर्दैन, तर परमेश्वरको कृपामाथि निर्भर गर्दछ। १७ कि धर्मशास्त्रले फारोलाई भन्छ, "म मेरो शक्ति तिमीमा देखाउँछु, र सारा पृथ्वीमा मेरो नाउँको घोषणा गरिओस् भन्ने अभिप्रायले मैले तिमीलाई खड़ा गरें।" १८ यसकारण उहाँले इच्छा गर्नुभएकाहरूलाई उहाँले कृपा गर्नुहुन्छ, र उहाँले इच्छा गर्नुभएकाहरूको हृदयलाई उहाँले कठोर पार्नुहुन्छ। १९ तब तिमी मलाई भन्नेछौ, "परमेश्वरले अझै किन दोष लगाउनुहुन्छ? किनकि उहाँको इच्छालाई कसले विरोध गर्न सक्छ?" २० तर मानिस भएर परमेश्वरलाई जवाफ लाग्ने तिमी को हौ? के ढालेर बनाएको वस्तुले आफूलाई बनाउनेलाई "मलाई किन यस्तो बनाएको?" भन्छ र? २१ के एउटै माटोको ढिकाबाट एउटा आदरको भाँड़ो, र अर्कोचाहिँ तुच्छ कामको लागि बनाउने माटोमाथि कुमालेको अधिकार छैन र? २२ यदि परमेश्वरले आफ्नो क्रोध प्रकट गर्न र आफ्नो शक्ति प्रदर्शन गर्नलाई विनाशको लागि तयार पारिएको क्रोधका पात्रहरूलाई अत्यन्त धैर्यसाथ सहनुभएको छ भने, के भयो त? २३ यदि महिमाको निम्ति अघिबाटै तयार पार्नुभएको उहाँका कृपा-पात्रहरूलाई आफ्नो महिमाको सम्पत्ति प्रकट गर्नलाई उहाँले यसो गर्नुभयो– २४ अर्थात् हामी, जसलाई यहूदीहरूबाट मात्र होइन, तर अन्यजातिहरूबाट पनि उहाँले बोलाउनुभएको छ भने, के भयो त? २५ जस्तो होशेको पुस्तकमा पनि उहाँ भन्नुहुन्छ, "जुनहरू मेरा मानिसहरू थिएनन्,

तिनीहरूलाई म 'मेरा प्रजा' तुल्याउनेछु। र जसलाई मैले प्रेम गरेको थिइनँ, त्यसलाई म 'मेरो प्रिय' भन्नेछु।" २६ "अनि जहाँ 'तिमीहरू मेरा प्रजा होइनौ।' भनी तिनीहरूलाई भनिएको थियो, त्यहीं तिनीहरू 'जीवित परमेश्वरका सन्तान' कहलाइनेछन्।" २७ इस्राएलको बारेमा यशैया घोषणा गर्छन्, "इस्राएलका सन्तानको संख्या समुद्रको बालुवा जत्तिकै भए पनि, बाँकी रहेकाहरूको मात्र उद्धार हुनेछ। २८ किनकि प्रभुले पृथ्वीमा उहाँका दण्डको आज्ञा दृढ़ता र शीघ्रतासाथ पूर्ण गर्नुहुनेछ।" २९ यशैयाले यो भविष्यवाणी गरेका छन्, "सेनाहरूका परमप्रभुले हाम्रा निम्ति सन्तान नछोड्नुभएको भए हामी सदोमजस्तै हुनेथियौं, र गमोरासमान बन्नेथियौं।" ३० अब हामी के भनौं? धार्मिकताको पछि नलाग्ने अन्यजातिहरूले धार्मिकता प्राप्त गरेका छन्, अर्थात् विश्वासद्वारा पाइने धार्मिकता। ३१ तर व्यवस्थामाथि आधारित भएको धार्मिकताको पछि लाग्ने त्यस इस्राएलले त्यो व्यवस्था पूरा गर्न सकेन। ३२ किन सकेन? किनकि धार्मिकता कर्महरूमाथि आधारित छ भन्ठानेर तिनीहरूले विश्वासद्वारा धार्मिकता खोजेनन्। तिनीहरू ठेस लाग्ने ढुङ्गामा ठक्कर खाएर लड़ेका छन्। ३३ जस्तो लेखिएको छ, "हेर, म सियोनमा एउटा ढुङ्गा राख्तछु, जसमा मानिसहरूलाई ठेस लाग्छ, एउटा चट्टान, जसले तिनीहरूलाई लड़ाउँछ, तर उहाँमा भरोसा राख्ने कोही शर्ममा पारिनेछैन।"

विशेष कामको निम्ति परमेश्वरले मानिसहरूलाई चुन्नुहुन्छ भनेर रोमी ९मा पावलले छलफल गर्दछन्। सारा संसारमा परमेश्वरको बारेमा सुसमाचार सुनाउन उहाँले इस्राएलीहरूलाई चुन्नुभएको थियो। "याकूबलाई मैले माया गरें र एसावलाई घृणा गरें" (रोमी ९:१३ रूपान्तरित) भन्ने वाक्यलाई कतिले अनर्थ लगाउँछन्। परमेश्वरले केवल दुईमध्ये एक जनालाईमात्र प्रेम गर्नुभएको थियो भनेर साधारणतया मानिसहरूले बुझ्दछन्। तर उक्त भनाइको सन्दर्भमा याकूबलाई परमेश्वरले चुन्नुभएको थियो तर एसाबलाई होइन भनेर पावलले यहाँ भन्न खोजेका हुन्। याकूबलाई केको निम्ति चुनिएको थियो त? इस्राएल राष्ट्रका जनहरूको पिता हुन उनलाई बोलाइएको थियो। त्यसको अर्थ परमेश्वरले दुई खालको छनोट वा नियुक्ति गर्नुहुन्छ। प्रथमतः यस संसारमा जन्मेका प्रत्येक मानव प्राणीले मुक्ति पाउन् र येशूको स्वरुपमा मानिस परिवर्तित होऊन् भनेर हामी सबैलाई चुन्नुहुन्छ। दोस्रोमा परमेश्वरले विभिन्न मानिसहरूलाई विभिन्न कामको निम्ति चुन्नुहुन्छ वा बोलाउनुहुन्छ।

तपाईं र यस संसारमा जन्मिने प्रत्येक मानव प्राणीले मुक्ति पाऊन भनेर परमेश्वरले चुन्नुभएको थियो वा पूर्वनिर्धारण गरिसक्नुभएको थियो भन्ने कुरा तपाईंको निम्ति कतिको सान्दर्भिक वा उत्साहप्रद छ? फेरि त्यसै वखत तपाईं आफैले गर्ने निर्णयले परमेश्वरबाट उपलब्ध गराइएको मुक्ति तपाईंले गुमाउन सक्नुहुन्छ भन्ने कुरामा तपाईं कति विश्वास गर्नुहुन्छ?

५. हाम्रो जिम्मेवारी

यदि परमेश्वरले हामीलाई उहाँको कामको निम्ति बोलाउनुभएको छ भने त्यो बोलावटलाई स्वीकार वा अस्वीकार गर्ने आत्मनिर्णयको अधिकार हामीलाई नै सुम्पिएको छ, ती कुनै भाग्यको खेल होइन भनेर बाइबलले स्पष्ट गर्न चाहेको कुरा हामीले बुझ्नै पर्छ। उहाँले हामीलाई कुनै बिशेष स्थानमा राख्न सक्नुहुन्छ तर त्यस स्थानमा हामी रहिरहने वा नरहने भन्ने निर्णय आफैमा हुनसक्छ। हामी उहाँको स्वरुपमा हुन उहाँले हामीलाई बोलाउनु भएतापनि त्यो स्वरुपमा हामी रहने वा नरहने भन्ने आत्मनिर्णयको अधिकार हामीलाई नै सुम्पिएको जस्तै कुनै काममा उहाँले खटाउनुहुन्छ भने त्यो काम गर्ने वा नगर्ने भन्ने अधिकार हामीलाई नै दिइएको हुन्छ। विशेष कामको निम्ति उहाँले जब कसैलाई चुन्नुहुन्छ वा नियुक्त गर्नुहुन्छ भने त्यो काम उहाँको मुक्तिको योजनाको परिधिभित्र भएको हुन्छ। जब परमेश्वरले हामीलाई जुन कामको लागि खटाउनुहुन्छ वा नियुक्त गर्नुहुन्छ त्यो काम हामीले सहर्ष स्वीकार गरे सम्पन्न गऱ्यौं भने हाम्रो जीवनबाट हामीले परमेश्वरले दिनुभएको मुक्तिको बास्तविकतालाई प्रकट गरिरहेका हुन्छौं।

सावललाई राजाको पदमा रहिरहन परमेश्वरले नियुक्त गर्नुभएको थियो। तर उनलाई जुन गरिमामय काम दिइएको थियो त्यस अनुसार चल्न उनले आफ्नो सम्पूर्ण हृदय परमेश्वरप्रति प्रतिवद्ध भएर चल्न कहिल्यै पनि आफूलाई समर्पण गरेनन्। परमेश्वरले कसैलाई उहाँको निम्ति कुनै विशेष काम गर्न बोलाउनुहुन्छ भन्दैमा त्यो व्यक्तिले परमेश्वरलाई भित्री हृदयदेखि नै स्वीकार गर्छ भन्ने नहुदो रहेछ। प्रत्येक व्यक्तिलाई आत्मनिर्णय वा स्वविवेकको स्वतन्त्रता दिइएको हुनाले परमेश्वरको अगुवाईमा हामी चलेनौं भने अनन्त जीवन त होइन यहीं जीवनमा पनि सबै थोक गुमाउन सक्छौं।

परमेश्वरले कसैलाई विशेष कामको निम्ति बोलाउनुभयो भने उसलाई के हुनेछ भनेर प्रस्थान ३ र ४ ले प्रष्ट्याउँछ। हेर्नुहोस्: "१ मोशाले आफ्ना

ससुरा मिद्यानका पूजाहारी यित्रोका भेड़ाबाखा चराइरहेका थिए, र तिनले भेड़ाबाखा चराउँदै उजाड़-स्थानको पारितिर परमेश्वरको पर्वत, अर्थात् होरेबसम्मै लगे। २ त्यहाँ एउटा जलिरहेको पोथ्राको ज्वालामा परमप्रभुका दूत तिनीकहाँ प्रकट भए, र तिनले पोथ्रालाई हेरे। त्यो पोथ्रा जलिरहेको थियो– तापनि भस्म हुँदैनथ्यो। ३ मोशाले भने, "अब म छेवैमा गएर यो गजबको दृश्यलाई हेर्नेछु। त्यो पोथ्रा किन भस्म हुँदोरहेनछ?" ४ जब हेर्नलाई तिनी त्यतातिर लागेका परमप्रभुले देख्नुभयो, तब परमेश्वरले पोथ्राको बीचबाट "मोशा, ए मोशा" भनेर तिनलाई बोलाउनुभयो। अनि तिनले भने "म यहीं छु।" ५ तब परमेश्वरले भन्नुभयो, "यता नजिक नआइज। तेरो खुट्टाबाट जुत्ता फुकाल्, किनभने तँ उभिएको यो ठाउँ पवित्र भूमि हो।" ६ उहाँले अझै भन्नुभयो, "म तेरा पिता-पुर्खाका परमेश्वर हुँ। अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर हुँ।" तब मोशाले आफ्नो मुख ढाके, किनकि तिनी परमेश्वरलाई हेर्न डराए। ७ तब परमप्रभुले भन्नुभयो, "मिश्रमा भएका मेरा प्रजाको दुःख मैले देखेको छु, र कामदारहरूको अत्याचारमा तिनीहरूले पुकारा गरेका मैले सुनेको छु। तिनीहरूको दुःख मलाई थाहा छ। ८ यसैले तिनीहरूलाई मिश्रीहरूका हातबाट छुटकारा दिएर त्यस देशबाट एक असल र ठूलो देश, अर्थात् दूध र मह बग्ने देश– कनानी, हित्ती, एमोरी, परिज्जी, हिव्वी र यबूसीहरूका देशमा ल्याउनलाई म ओर्लिएको छु। ९ अब हेर्, इस्राएलीहरूको पुकार मकहाँ आइपुगेको छ। मिश्रीहरूले तिनीहरूमाथि गरेको अत्याचार मैले देखेको छु। १० यसकारण अब जा, मेरा प्रजा, अर्थात् इस्राएलीहरूलाई मिश्रबाट निकालेर ल्याउन म तिमीलाई फारोकहाँ पठाउँदैछु।" ११ तर मोशाले परमेश्वरलाई भने, "फारोकहाँ गएर इस्राएलीहरूलाई मिश्रबाट ल्याउन सक्ने म को हुँ र?" १२ अनि परमेश्वरले भन्नुभयो, "म तिमीसित हुनेछु, र मैले तिमीलाई पठाएको हुँ भन्ने कुराको चिन्ह तिमीलाई यो हुनेछः जब तिमीले ती मानिसहरूलाई मिश्रबाट निकालेर ल्याउनेछौ, तब तिमीहरूले यही पर्वतमा परमेश्वरको आराधना गर्नेछौ।" १३ मोशाले परमेश्वरलाई भने, "हेर्नुहोस्, जब म इस्राएलीहरूकहाँ गएर तिनीहरूलाई भन्नेछु, 'तिमीहरूका पितापुर्खाका परमेश्वरले मलाई तिमीहरूकहाँ पठाउनुभएको हो,' तब तिनीहरूले 'उहाँको नाउँ के हो त?' भनेर सोधे भने, मैले तिनीहरूलाई के भन्ने?" १४ तब परमेश्वरले मोशालाई भन्नुभयो, "म हुँ जो म हुँ।" फेरि उहाँले भन्नुभयो, "इस्राएलीहरूलाई तिमीले यसो भन्नू, " 'म हुँ' भन्नेले तिमीहरूकहाँ मलाई पठाउनुभएको हो'।" १५ परमेश्वरले मोशालाई यो पनि भन्नुभयो,

"इस्राएलीहरूलाई भन्, 'परमप्रभु, तिमीहरूका पिता-पुर्खाका परमेश्वर, अर्थात् अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वरले मलाई तिमीहरूकहाँ पठाउनुभएको हो'। मेरो नाउँ सदा यही रहनेछ, र सबै पुस्तासम्म मेरो नाउँको सम्झना यही हुनेछ। १६ "जाऊ, गएर इस्राएलका धर्म-गुरुहरूलाई जम्मा गरेर तिनीहरूलाई भन्: 'परमप्रभु, तिमीहरूका पिता-पुर्खाका परमेश्वर, अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर मकहाँ प्रकट भएर भन्नुभयो, "मैले तिमीहरूको हेर-विचार गरेको छु र मिश्रमा तिमीहरूले जे भोग्दैछौ सो मैले देखेको छु। १७ मैले तिमीहरूलाई मिश्रको कष्टबाट निकालेर कनानी, हित्ती, एमोरी, परिज्जी, हिव्वी र यबूसीहरूको देश, एउटा दूध र मह बग्ने देशमा लैजाने निश्चय गरेको छु'।" १८ "इस्राएलका धर्म-गुरुहरूले तेरो कुरा सुन्नेछन्। तब तिमी र इस्राएलका ती धर्म-गुरुहरू मिश्रका राजाकहाँ जानेछौ, र तिमीहरूले त्यसलाई भन्नेछौ, 'परमप्रभु हिब्रूहरूका परमेश्वरले हामीसित भेट गर्नुभएको छ, र अब हामी बिन्ती गर्दछौं, कि परमप्रभु हाम्रा परमेश्वरको निम्ति बलि चढ़ाउनलाई उजाड़-स्थानमा हामीलाई तीन दिनको यात्रामा जाने अनुमति दिनुहोस्'। १९ तर मलाई थाहा छ, कि मिश्रको राजाले करमा परेर मात्र तिमीहरूलाई जान दिनेछ। २० यसकारण म मेरो हात उठाएर त्यहाँ तिनीहरूका बीचमा मेरा सारा आश्चर्यकर्महरूद्वारा मिश्रीहरूलाई प्रहार गर्नेछु, र त्यसपछि उनले तिमीहरूलाई जान दिनेछन्। २१ "म यस जातिमाथि मिश्रीहरूको निगाह राखिदिनेछु, र तिमीहरू जाँदा रित्तो हात लिएर जानेछैनौ। २२ हरेक स्त्रीले आफ्नो छिमेकी र त्यसको घरमा बस्ने स्त्रीलाई सुन र चाँदीका गहनाहरू र लुगाफाटाहरू माग्नेछ, र तिमीहरूले ती आफ्ना-आफ्ना छोराछोरीहरूलाई लगाइदिनेछौ। यसरी तिमीहरूले मिश्रीहरूलाई लुट्नेछौ।" (प्रस्थान ३) र "१ मोशाले भने, "यदि तिनीहरूले मलाई पत्याएनन् र मेरा कुरा नसुनी 'परमप्रभु तिमीकहाँ देखा पर्नुभएको होइन' भनेर जवाफ दिए भने, के गर्ने?" २ तब परमप्रभुले तिनलाई भन्नुभयो, "तिम्रो हातमा के छ?" तिनले भने, "लट्ठी।" ३ परमप्रभुले भन्नुभयो, "त्यो भूइँमा फाल्।" मोशाले त्यो भूइँमा फालिदिए, र त्यो एउटा सर्प भयो, र मोशा त्यसदेखि डराएर भागे। ४ तब परमेश्वरले मोशालाई भन्नुभयो, "तिम्रो हात लम्काएर त्यसको पुच्छरमा समात्।" अनि मोशाले हात लम्काएर समाते, र त्यो तिनको हातमा फेरि लट्ठी नै भइहाल्यो। ५ परमप्रभुले भन्नुभयो, "तिनीहरूले तिनीहरूका पिता-पुर्खाका परमेश्वर, अर्थात् अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका

परमेश्वर तँकहाँ देखा पर्नुभएको हो रहेछ भनी तिनीहरूले यही कामबाट पत्याऊन्।"

६ तब परमप्रभुले तिनलाई अझै यसो भन्नुभयो, "तिम्रो हात आफ्नो खास्टोभित्र हाल्।" तिनले आफ्नो हात खास्टोभित्र हाले, र जब तिनले त्यो बाहिर निकाले, तब त्यो कोर लागेर हिउँजस्तै सेतो भएको रहेछ। ७ उहाँले तिनलाई भन्नुभयो, "तिम्रो हात फेरि खास्टोभित्र हाल्।" तिनले फेरि आफ्नो हात खास्टोभित्र हाले, र जब फेरि निकाले, तब त्यो आफ्नो शरीरको अरू मासुजस्तै भइहाल्यो। ८ तब परमेश्वरले भन्नुभयो, "तिनीहरूले तिम्रा कुरा पत्याएनन् र त्यो पहिलो चिन्हलाई वास्ता गरेनन् भने, शायद तिनीहरूले पछिल्लो चिन्हलाई पत्याउनेछन्। ९ तर तिनीहरूले यी दुवै चिन्हहरू पनि पत्याएनन् र तिम्रा कुरा पनि सुनेनन् भने, नील नदीका केही पानी लिएर सुक्खा जमिनमा खन्याइदेऊ। तिमीले नील नदीबाट लिएको त्यो पानी जमिनमा रगत हुनेछ।" १० त्यसपछि मोशाले परमप्रभुलाई भने, "प्रभु, म बोल्नमा उस्तो सिपालु छैनँ, न त अघि म सिपालु थिएँ न अहिले तपाईं बोल्नुभएपछि म सिपालु भएको छु, किनकि म बोल्नमा र जिब्रो चलाउनमा ढिलो छु।" ११ परमप्रभुले तिनलाई भन्नुभयो, "मानिसको मुख कसले बनायो? मानिसलाई लाटो वा बहिरो कि देख्ने वा अन्धो कसले बनाउँछ? के म परमप्रभुले नै होइन र? १२ अब जा, म तिमीलाई बोल्न सहायता गर्नेछु, र तिमीले के-के बोल्नुपर्ने हो सो सिकाउनेछु।" १३ तर मोशाले भने, "हे प्रभु, बिन्ती छ, अरू कसैलाई नै पठाउनुहोस्।" १४ तब परमप्रभुको क्रोध मोशामाथि उठ्यो, र उहाँले भन्नुभयो, "के लेवी हारून तिम्रो दाजु छैन र? मलाई थाहा छ कि त्यो राम्ररी बोल्न सक्छ। त्यो तिमीलाई भेट्न आउँदैछ, र तिमीलाई देखेर त्यो खुशी हुनेछ। १५ त्यसैसँग कुरा गर् र त्यसले भन्नुपर्ने कुरा तिमीले बताऊ, र म तिमीहरू दुवैसँग हुनेछु र तिमीहरूले के गर्नुपर्ने हो सो बताउनेछु। १६ त्योचाहिँ तिम्रो निम्ति मानिसहरूसित बोल्नेछ, र तिम्रो मुखझैं हुनेछ, र तिमीचाहिँ त्यसको निम्ति ईश्वरतुल्य हुनेछस्। १७ तर यो लट्ठी तिम्रो हातैमा लैजाऊ। त्यसद्वारा तिमीले यी आश्चर्यपूर्ण चिन्हहरू गर्नेछस्।" १८ त्यसपछि मोशा फर्केर आफ्ना ससुरा यित्रोकहाँ आएर तिनलाई भने, "बिन्ती छ, मिश्रमा भएका मेरा दाजुभाइहरू बाँचेकै छन् कि छैनन्, गएर हेर्ने अनुमति दिनुहोस्।" यित्रोले मोशालाई भने, "हुन्छ, कुशलसित जाऊ।" १९ परमप्रभुले मिद्यान देशमा मोशालाई भन्नुभएको थियो, "मिश्रमा फर्केर जा, किनकि तिम्रो ज्यान लिन खोज्नेहरू सबै मरिसके।" २० यसकारण आफ्नी पत्नी र

छोराहरूलाई एउटा गधामा चढ़ाएर मोशा मिश्रमा फर्के। र तिनले परमेश्वरको लट्ठी हातैमा लिएर गए। २१ तब परमप्रभुले मोशालाई भन्नुभयो, "जब तिमी मिश्रमा फर्कन्छौ तब मैले तिम्रो हातको शक्तिमा राखिदिएका सबै उदेकका कामहरू फारोको सामुन्ने गर्। तर म त्यसको हृदय कठोर गरिदिनेछु, र त्यसले मानिसहरूलाई जान दिनेछैन। २२ तब तिमीले फारोलाई भन्, 'परमप्रभु भन्नुहुन्छः इस्राएल मेरो जेठो छोरो हो। २३ मैले तिमीलाई भनें, "मेरो छोरालाई जान देऊ, र त्यसले मेरो सेवा गरोस्।" तर तिमीले चाहिँ त्यसलाई जान दिन इन्कार गरिस्। यसैले म तेरो जेठो छोरालाई मार्नेछु'।"

२४ अनि बाटोमा वास बस्ने ठाउँमा परमप्रभुले मोशालाई भेट्नुभयो, र तिनलाई मार्ने इच्छा गर्नुभयो। २५ तर सिप्पोराले एउटा चकमकको कर्द लिएर आफ्नो छोराको खलड़ी च्वाट्टै काटेर मोशाको खुट्टामा छुवाइन्, अनि तिनले भनिन्, "तपाईं मेरो निम्ति रगतको दुलहा हुनुहुन्छ।" २६ यसैले परमप्रभुले तिनलाई छोड़िदिनुभयो। तिनले खतनाको कारणले गर्दा भनेकी थिइन्, "तपाईं रगतको दुलहा हुनुहुन्छ।" २७ परमप्रभुले हारूनलाई भन्नुभयो, "मोशालाई भेट गर्न उजाड़-स्थानतिर जाऊ।" तब उनी परमेश्वरको पर्वतमा मोशालाई भेट गर्न गए, र भेटेर तिनलाई म्वाइँ खाए। २८ अनि परमप्रभुले तिनलाई भनेर पठाउनुभएका सबै कुराहरू, र देखाउनू भनेर आज्ञा दिनुभएका सबै आश्चर्यपूर्ण चिन्हहरूका विषयमा मोशाले हारूनलाई बताए। २९ तब मोशा र हारून गए, र इस्राएलीहरूका जम्मै धर्म-गुरुहरूलाई जम्मा गरे। ३० अनि परमेश्वरले मोशालाई भन्नुभएका सबै कुराहरू हारूनले तिनीहरूलाई बताए। मोशाले मानिसहरूका आँखाकै सामुन्ने ती चिन्हहरू देखाए, ३१ र मानिसहरूले पत्याए। परमप्रभु इस्राएलीहरूको चिन्ता लिनुहुन्छ र तिनीहरूको कष्ट पनि देख्नुभएको छ भनी जब तिनीहरूले सुने, तब तिनीहरूले आफ्ना शिर निहुराएर दण्डवत् गरी आराधना गरे।" (प्रस्थान ४)।

जब परमेश्वरले हामीलाई कुनै काम गर्न बोलाउनुहुँदा हाम्रो निर्णय एज्रा र नेहमियाको जस्तो हुन सक्छ। तिनीहरूले कुनै शङ्का नगरि वा प्रश्नै नगरि परमेश्वरको आज्ञालाई शिरोपर गरेर गए, वा हामीपनि मोशा जस्तै हुनसक्छौं परमेश्वरको काम नगर्न अनेकौं बहाना र असहमति जनाउन सक्छौं। आखिरमा मोशा परमेश्वरको कामको निम्ति खटिए तर कतिपल्ट तिनले त्यसबाट पछिहट्ने कोसिस गरेका थिए। आफूमा नेतृत्वको कला छैन, आफू केही पनि होइन, आफू कुनै कामको निम्ति योग्य छैन न त आफू कुनै

उच्च ओहोदामा नै छु भनेर परमेश्वरले दिनुहुने कामबाट मोशा पन्छिन खोजेका थिए। गोठाला भएर बसेका मानिसले फारो राजालाई कुरा सुनाउन के सम्भव छ र भन्ने कुरा पनि उनको मनमा आएको थियो। आफ्नै यहूदी मानिसहरूले उनलाई सुन्दैनन् भनेर पनि उनी चिन्तित थिए। आफ्नो प्रयास बिफल हुनेछ भनेर पनि उनले ठानेका थिए। अझ आफू किन योग्य छैन भनेर परमेश्वरको सामु यस्तो गुनासो राखेका थिए "प्रभु, म बोल्नमा उस्तो सिपालु छैनँ, न त अघि म सिपालु थिएँ न अहिले तपाईं बोल्नुभएपछि म सिपालु भएको छु, किनकि म बोल्नमा र जिब्रो चलाउनमा ढिलो छु।" (प्रस्थान ४:१०)। (उनी भकभके थिए भनेर कसै कसैले भन्दछन्)। त्यत्रो इजिप्टको सम्राटको सामना गर्न आफूसँग सीप छैन र अकैंलाई पठाउनुहोस् भनेर मोशाले जिकिर गर्दछन्। तर जब हामी मोशाको बारेमा पढ्छौं तब उनीमा केही कमी र कमजोरी भएतापनि उनी यहूदी इतिहासको अत्यन्तै शक्तिशाली वा प्रभावकारी अगुवा हुन पुगेका थिए भनेर थाहा पाउँछौं। उनी त्यस्तो व्यक्ति हुन पुगे जो परमेश्वरको अत्यन्तै विश्वासपात्र अगुवा बने र उहाँले जे काम गर्न खटाउनुभएको थियो सो काम सफलपूर्वक सम्पन्न गरे।

परमेश्वरले अह्राउनुभएको काम नगर्न हामी कतिपटक बहाना बनाउँछौं। कस्ता कस्ता किसिमको बहानाहरू हामी बनाउँछौं?, सोचौं।

उपसंहारः

थप जानकारीः एलेन जी ह्राइटद्वारा लिखित प्रोफेटस एण्ड किङ्गसको पृ. ६९७-६९९मा उल्लेखित ७०-हप्ताको भविष्यवाणी र त्यो ऐतिहासिकरूपमा कसरी पूरा भयो सो ध्यान दिएर पढ्नुहोस्।

"यस संसारमा मानवरूप लिएर आउनुहुने येशू खीष्ट, पवित्र आत्माद्वारा उहाँलाई गरिने अभिषेक, उहाँको मृत्यु र अन्यजाति तथा अयहूदीहरूलाई सुसमाचार दिने भविष्यवाणीहरू किटान गरेर औंल्याइएको थियो। ती भविष्यवाणीहरू बुझ्ने अवसर यहूदीहरूलाई दिइएको थियो। येशूको लक्ष्यलाई चिनेर ती भविष्यवाणीहरू पूरा भएको पनि तिनीहरूले थाहा पाउनुपर्थ्यो। भविष्यवाणीलाई केलाएर पढ्नु कतिको जरुरी छ भनेर येशूले आफ्ना चेलाहरूलाई जिकिर गर्नुभएको थियो। ती चेलाहरू भएको मितिलाई बुझाउँदै उहाँले दानिएलमा लेखिएको भविष्यवाणीलाई यसरी औंल्याउनुभएको थियो, "जसले यो पढ्दछ, त्यसले बुझोस्" मत्ती २४:१५। आफ्नो पुनरुत्थान

भएपछि येशूले उहाँका चेलाहरूलाई आफ्नो बारेमा लेखिएका सबै अगमवक्ताहरूका भविष्यवाणीहरू उद्धृत गर्दै व्याख्या गर्नुभएको थियो। लूका २४:२७। अगमवक्ताहरूद्वारा मुक्तिदाताले बोल्नुभएको थियो। "तिनीहरूभित्र हुनुभएका ख्रीष्टको आत्माले ख्रीष्टका कष्टहरू र त्यसपछि आउने महिमाको भविष्यवाणी गर्नुहुँदा देखाउनुभएको समय र परिस्थितिको बारेमा तिनीहरूले खोजी गरेका थिए। १ पत्रुस १:११।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. २३४बाट रूपान्तरित।

चिन्तनमननः

अ. तपाईंलाई मन पर्ने काममा परमेश्वरले कसरी खटाउनुहुन्छ भन्ने कुरालाई गहिरिएर सोच्नुहोस्। तपाईंलाई मन पर्ने काममात्र होइन साधारणतया कुनै पनि काम गर्दा परमेश्वरको काम गरिरहेको छु भन्ने आभास् दिने केही उपाएहरू वारे सोच्नुहोस्।

आ. योनाको कथा पढ्नुहोस् र परमेश्वरले उनलाई बोलाउनुहुँदा उनको प्रत्युत्तर कस्तो थियो? उनको अनुभवबाट हामी के पाठ सिक्न सक्छौं? फेरि त्यसै समयमा योनाको विपरीत पावललाई परमेश्वरले बोलाउनुहुँदा उनको जवाफ के थियो (प्रेरित ९:१-२०)? तिनीहरूको बीचमा के भिन्नताहरू थिए?

इ. येशूलाई धोका दिने "यहूदाको इतिहासले एक जना हुनै नसक्ने कर्मठ व्यक्तिको अत्यन्तै दुःखद् अन्त्यको बारेमा प्रस्तुत गर्दछ। ऊ परमेश्वरको सम्माननीय व्यक्ति हुनसक्थ्यो। यरुशलेमको अन्तिम यात्राभन्दा पहिले यहूदा मरेको भए ऊपनि बाह्र चेलाहरूकै गरिमामय स्थानमा गनिन्थ्यो। उसको मृत्युमा सबैले नियास्रो मान्थ्ये होलान्।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ७१६बाट रूपान्तरित। येशूका बाह्र चेलामध्ये एक जना यहूदा इस्कोरियतको वारेमा सोच्नुहोस्। के येशूलाई धोका दिन उसलाई चुनिएको थियो त? यदि त्यसो हो भने के उमाथि अन्याय गरिएको हो त? यहूदा र उसले पाएका अवसरहरूको बारेमा सोच्नुहोस्। आखिरमा उसको जीवन त्यस्तो मोडमा किन गयो? हाम्रो जीवनमा आत्मनिर्णयको स्वतन्त्रता वा स्वविवेकको स्वतन्त्रता कतिको महत्त्वपूर्ण रहेछ भन्ने पाठ यहूदाको जीवनबाट कसरी लिन सक्छौं?

कथा ३
जापानिज पास्टरले ३०,००० डलर पाउँछन् , आन्द्रयु मेकचेस्नी

जापानको राजधानी टोकियोमा रहेको चर्चको पानीको बिल धेरै आएपछि त्यस चर्चका अगुवाहरू अलमलमा परे। त्यो पानीको बिल गत महिनाको भन्दा दोब्बर थियो। आमानुमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चका अगुवाहरूले खाने पानी विभागमा गएर पानीको बिल त्यति धेरै कसरी आयो भनेर सोधपुछ गरे। खोज्दै जादा तिनीहरूले यो भेट्टाए कि चर्चको तलतिर पानीको पाइप फुटेको रहेछ र त्यहाँबाट धेरै पानी निस्किरहेको थियो। पानीको पाइप मर्मत गर्न असम्भव भएकोले जमीनमाथि नै पानीको पाइप हाल्न खानेपानी विभागले तिनीहरूलाई सल्लाह दियो। जमिनमाथि पाइप बिछ्याएर पानी ल्याउनलाई ७० लाख यन अर्थान् अमेरिकी डलर ७०,००० लाग्थ्यो।

फेरि चर्चका अगुवाहरूले अर्को ठूलो खर्च व्यहोर्नु परेको थियो। सन् २०१८मा जापानको १६१ स्थानहरूमा सुसमाचारीय कार्यक्रम संचालन गर्ने निर्णय गरिएको थियो। त्यस मध्ये तिनीहरूको चर्च पनि त्यसमा परेको थियो। त्यसको निम्ति तिनीहरूले १ करोड ६० लाख यन अर्थात १ लाख साठीहजार डलर उठाएर जम्मा गर्नुपर्दथ्यो।

अझ चर्चका सदस्यहरूले त सुसमाचार प्रचारको कार्यक्रम गर्न आफूहरूको सहमत नभएको बताएका थिए। त्यसको लागि पैसा धेरै लाग्ने र धेरै मेहनत गर्नुपर्ने भएकोले त्यस कार्यक्रममा तिनीहरूले जोश जाँगर देखाएनन्। आमानुमा चर्चको मुख्य एल्डर क्वायोइचि मियाजाकीले आफ्नो दुखेसो पोखाए "यो समय अत्यन्तै तनावपूर्ण भएको थियो।"

चर्चका संचालकहरू भेला भएर पानीको पाइपको निम्ति प्रार्थना गरे। प्रार्थना सकेर चर्चको सह पास्टर आफ्नो अफिसमा गए। त्यहाँ उनको अफिसको टेबुलमा ३० लाख यन अर्थान् ३०,००० डलर कसैले छोडेर गएको भेट्टाए।

दक्षिण कोरियाबाट आएको प्रभुको निम्ति काम गर्ने कर्मचारी हाले सो कुरा थाहा पाए र अरू चर्चका संचालकहरूलाई अत्यन्तै खुशी साथ सुनाए।

अर्को साबथमा अर्को चर्चमा आमानुमा चर्चमा चाहिने पाइपको आवश्यकताको बारेमा उनले सुनाए। पास्टरको टेबुलमा तिस लाख यन कसरी आयो भनेर उनले सोधे र कसैबाट सहयोग गर्न सकिन्छ भने सहयोग गर्नुहोस् भनेर अनुरोध गरे।

जब भेटी सङ्कलन गरियो त्यस भेटीको झोलामा कसैले दश लाख यन अर्थात् १०,००० डलर भएको खाम खसालेर सबैलाई छक्क पारे।

पैसा पाएपछि चर्चका अगुवाहरू अत्यन्तै खुशी भएपनि पैसा दिनेले के गरिरहेको थियो सो राम्रोसँग नबुझी त्यत्रो पैसा दिए अहो मात्र भनिरहे। भेटी गनिसकेपछि त्यत्रो पैसा कसले दियो भन्ने तिनीहरूले थाहा पाए। त्यो भेटी त्यस चर्चमा पहिलो पटक आउने पाहुनाले दिएकी थिइन्। चर्चका अगुवाहरूले तिनलाई सुटुक्क बोलाएर सोधे, "होइन, तपाईंले त्यतिको पैसा दिने नै निर्णय गर्नुभएको थियो त?"

"हिजो राति मैले एउटा सपना देखें। त्यो सपनामा इसाई चर्चमा चन्दा दिन मलाई कसैले भन्यो। म येशूलाई विश्वास गर्दिन। म कुनै चर्चमा पनि जान्न न त चर्चहरू कहाँ छन् भनेर नै मलाई थाहा छ। त्यसकारण म इसाई चर्च खोज्दै हिँडेकी थिएँ तब मैले तपाईंको चर्च भेट्टाएँ" विश्वासै गर्न नसकिने गरि उनले आफ्नो कुरा राखिन्। त्यो दस लाख यन चर्चमै राख्न उनले जिद्दी गरिन्।

साबथ पछि ती महिला फेरि कहिल्यै पनि देखा परिनन्। पहिला कसले ३० लाख यन पास्टरको टेबलमा राखे भन्ने कुरा तिनीहरूले कहिल्यै पनि थाहा पाएनन्। यसरी अचम्म तरिकाले चर्चमा चाहिने पानीको नयाँ पाइप बिच्छाउने पैसा चर्चले जम्मा गर्न सफल भयो। त्यतिमात्र नभएर सुसमाचारीय कार्यक्रमको निम्ति पनि तिनीहरूले आवश्यक पैसा उठाए। अचम्म तरिकाले आएका चन्दा र बप्तिस्माहरू भएको कारणले त्यस चर्चको आत्मिक वातावरणमा परिवर्तन आएको ऱ्हाले यस लेखकलाई सुनाए। आमानुमा चर्च जापानको सबभन्दा ठूलो एडेभन्टिस्ट चर्च हो। त्यहाँ ९०० जना सदस्यहरू छन्।

"सुरुमा त्यहाँका मानिसहरू नकारात्मक थिए अहिले तिनीहरू जोशिला भएका छन्। तिनीहरूले थाहा पाएका छन् कि परमेश्वर जीवित हुनुहुन्छ" हँसिलो हुँदै ऱ्हाले सुनाए।